# आर्थिक वर्ष २०६८/६९ को बजेटका लागि निजी क्षेत्रको सुझाव

**जगदिश प्रसाद राठी**
सभापति
राजश्व समिति
नेपाल उद्योग वाणिज्य महासंघ

## पृष्ठभूमि :

- चालु आर्थिक वर्षमा आयात उल्लेख्य नबढे पनि शोधानान्तर स्थिति नकारात्मक
- जम्मा निर्यात रकमले पेट्रोलियम पदार्थको आयात मात्रै धान्ने
- राजस्व परिचालनले चालु खर्च मात्रै धान्ने (पूँजिगत खर्च विदेशी सहायतामा निर्भर)
- शोधानान्तर आयमा विप्रेषणको उल्लेख्य योगदान (विप्रेषण आयमा कमि भएमा वैदेशिक कारोबारमा असर)
- उत्पादन लागत, मुद्रा स्फिति ठूलो मात्रामा वृद्धि र भारतीय मुद्राको अभाव

## बजेटमा परिलक्षित हुनु पर्ने मुख्य विषय

- जलश्रोतको विकास, वैकल्पिक उर्जा, कृषिको व्यावसायिकरण, खनिज तथा खानीजन्य एवं पर्यटन क्षेत्रलाई प्राथमिकता
- उपरोक्त क्षेत्रको विकासका लागि सडक,संचार जस्ता भौतिक पूर्वाधारको विकासमा जोड
- वैदेशिक लगानी नीति, औद्योगिक लगानी नीति, वाणिज्य नीति, श्रम नीति, व्यापार नीति आदिलाई अर्थतन्त्रको विकासका लागि परिमार्जन सहित कार्यान्वयन

## बजेटमा परिलक्षित हुनु पर्ने मुख्य विषय ...

- भयावह हुदै गईरहेको व्यापार असंतुलनलाई कम गर्ने तर्फ जोड
- विश्व बजारमा प्रतिस्पर्धी हुन सक्ने आन्तरिक बस्तु, सेवा तथा उत्पादनको पहिचान गरी उत्पादन तथा निकासीमा जोड
- विकास खर्चलाई प्राथमिकता तथा समय सीमा सहित कार्यान्वयन र कार्यान्वयनमा उत्तरदायी हुनुपर्ने स्पष्ट व्यवस्था
- आर्थिक कुटनीतिको सफल कार्यान्वयन
- नीति, नियमहरुमा भएका जटिलता तथा समस्याहरुको सुधार तथा नीति नियमको प्रभावकारी कार्यान्वयन

## विद्यमान प्रमुख समस्याहरु

- उर्जा संकट
- भौतिक पूर्वाधारको कमि
- नयां लगानीमा अवरोध (शान्ति सुरक्षा)
- तरलताको अभाव ब्याजदरमा वृद्धि
- कमजोर कार्यान्वयन पक्ष
- अनधिकृत व्यापार
- दक्ष जनशक्तिको अभाव

## समस्या समाधान तर्फ (उर्जा संकट)

- जलविद्युतका लगानी तर्फ सहुलियत प्याकेजका साथ विशेष जोड
- वैकल्पिक उर्जा आपूर्ति (सोलार, बायोग्यांस, फोटोभोल्टिक)
- वैकल्पिक उर्जाको खरीददर र नीति नियम निर्देशिकाको तर्जुमा र कार्यान्वयन
- मल्टीफ्यूलको संचालन, कोईलामा आधारित थर्मल प्लान्ट (भारतबाट आयात)
- सरकारी पक्षबाट Energy Audit को व्यवस्था
- हाल उपलब्ध विद्युतको समुचित प्रयोग

## उर्जा संकट

- कम्तिमा ५०० मेगावाटको जलाशययुक्त आयोजनाको निर्माण (सार्वजनिक–निजी–साझेदारी)
- विद्युत चुहावट नियन्त्रण (२६ प्रतिशत विद्युत चुहावट )
- औद्योगिक क्षेत्रका लागि छुट्टै औद्योगिक ग्रिडमा विस्तार
- निजी क्षेत्रबाट उत्पादित विद्युतका लागि खरिद दर बढाई उत्पादनमा प्रोत्साहन गर्ने व्यवस्था (लागतमा हुँदै गएको वृद्धि बमोजिम समायोजन)

## उर्जा संकट

- मुलुक भित्र उत्पादन हुने विद्युत तथा भारतबाट आयात गरिने प्रशारण लाईनको निर्माण (हाल आयात र पछि निर्यातका लागि सहज हुने)
- भारतबाट विद्युत आपूर्तिको लागि प्रशारण लाइनको व्यवस्था (दुई महिनामा)
  - गोखरपुर–भैरहवा (२० मेगावाट), सुरजपुरा–गण्डक (२० मेगावाट), रक्सौल–परवानीपुर (१० मेगावाट)
- प्रशारण लाइनको क्षमता अभिवृद्धि (एक वर्ष भित्र)
  - रक्सौल–परवानीपुर (१०० मेगावाट), कटैया–दुहवी (५० मेगावाट)

# भौतिक पूर्वाधार

- कृषि, पर्यटन, खनिजजन्य र जलश्रोत जस्ता प्रतिस्पर्धी क्षेत्रका लागि सडक, विद्युत, पानी, संचार, शान्ति सुरक्षामा जोड
- अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण (सार्वजनिक–निजी–साझेदारी) (हालको अन्तर्राष्ट्रिय विमानस्थल भरपर्दो हुन नसकेको)
- सम्भावित क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना
- मध्य पहाडी लोकमार्ग प्राथमिकताका साथ सम्पन्न गर्ने व्यवस्था साथै लोकमार्ग संगसैगै विद्युत प्रशारण लाइनको निर्माण
- नेपालगंज, भैरहवा, वीरगंज र विराटनगरमा बन्न लागेका अत्याधुनिक सुविधायुक्त Integrated Custom Check Point को यथाशिघ्र निर्माण

## भौतिक पूर्वाधार .....

- काठमांडौ तराई जोड्ने मार्ग निर्माण ( Fast Track)
- हुलाकी राजमार्ग तथा सहायक राजमार्गहरुको निर्माण
- पूर्व पश्चिम रेल वे मार्गको संभाव्यता अध्ययन र निर्माणको थालनी
- SEZ र EPZ को स्थापनालाई प्राथमिकता (क्षेत्रगत)
- भौतिक पूर्वाधार तथा औद्योगिक लगानी बीच समन्वय (भौतिक पूर्वाधार नरहेको स्थानमा उद्योग स्थापना भएमा निश्चित मापदण्ड तयार गरी उक्त स्थानसम्म आवश्यक भौतिक पूर्वाधारको निर्माणको प्रत्याभूति

## नयां लगानीमा अवरोध

- लगानीमा व्यक्तिगत जमानीको व्यवस्था हटाउनु पर्ने
- Willful Defaulter बाहेक कालो सूचिको नाममा आएको त्रासपूर्ण वातावरणको अन्त्य
- रुग्ण उद्योगको लागि पुनजीवन दिन वस्तु विविधिकरण वा अन्य अवसरका लागि विशेष प्याकेजको कार्यक्रम
- शहर केन्द्रित सेवालाई ग्रामिण क्षेत्रमा लगिनु पर्ने
- कुल लगानीको कम्तिमा ६० प्रतिशत औद्योगिक क्षेत्रमा लगानी गर्नुपर्ने अनिवार्य व्यवस्था
- उत्पादनमुलक उद्योगहरुको लागि ब्लू चिप्स कम्पनी तर्फ लैजाने नीति

## बढ्दो ब्याजदर

- उत्पादनमुलक उद्योगहरुको लागि ब्याजदरको सीमा निर्धारण
- उद्योग तथा व्यवसायका लागि बढिमा १० प्रतिशत ब्याजमा आवश्यक कर्जाको व्यवस्था
- नेपाल राष्ट्र बैंकबाट अनुगमन तथा कार्यान्वयन पक्षमा जोड
- स्वदेशी कच्चा पदार्थमा आधारित मूल्य अभिवृद्धि हुने उद्योगका लागि निश्चित अवधि तोकी सहुलियत ब्याजदर र लगानीमा विशेष सहुलियत

## तरलता अभाव

- अनुत्पादक क्षेत्रको लगानीलाई व्यवस्थित गर्ने
- तत्कालका लागि १० लाख भन्दा बढि निक्षेप तथा फिर्ता लिंदा श्रोत खुलाउनु पर्ने व्यवस्थामा लचकता । Negative Declaration को व्यवस्था
- Spread Rate को दर ३ प्रतिशत गर्ने र कडाईका साथ कार्यान्वयन गर्ने
- व्यवसायिक क्षेत्रको लागि कर्जा अभाव नहुने प्रत्याभूति

## कमजोर कार्यान्वयन पक्ष

- परम्परागत कार्य प्रणालीमा सुधार
- श्रोत साधनतर्फ जोड
- दक्ष जनशक्तिको विकास (तालिमका लागि बजेट)
- मूल्यांकनका आधारमा दण्ड, सजाय, पुरस्कार र प्रोत्साहन

### कमजोर कार्यान्वयन पक्ष .....

- गत वर्षको बजेटमा घोषणा गरिएका कार्यक्रमको कार्यान्वयन (निर्यातमा अनुदान दिने व्यवस्था अहिलेसम्म कार्यान्वयन नभएको)
- समय अनुकुल सेवा सुविधामा वृद्धि
- उत्तरदायित्व र जिम्मेवारीपना
- स्वविवेकिय अधिकारलाई कम गर्ने र स्पष्ट परिभाषा हुनु पर्ने

# अनधिकृत व्यापार नियन्त्रण

- द्वन्द तथा अन्य कारणबाट विस्थापित छोटी भंसारहरुको पुनस्थापना
- सीमा क्षेत्रमा प्रहरी चौकी स्थापना र भंसार गस्तीको प्रभावकारी परिचालन
- चौकीका लागि पर्याप्त जनशक्ति तथा श्रोत साधनको व्यवस्था
- उपभोक्ताको नाममा पैठारी हुने मालवस्तुको भंसार चेक जांचमा कडाई
- भारतीय तथा स्वशासित क्षेत्र तिब्वतसंगको भंसार तथा सुरक्षा निकायसंग समन्वय
- चोरी पैठारी हुने वस्तुको भंसार दरबन्दीमा समायोजन
- समातिएका चोरी पैठारीका सामानको सरल लिलामी प्रकृया

## दक्ष जनशक्तिको अभाव

- तालिम तथा प्रशिक्षण
- प्राविधिक शिक्षा
- विदेश पलायन हुनु पर्ने अवस्थामा सुधार
- स्वदेशमा नै रोजगारीको अवसरको सृजना
- भएका शिपमुलक जनशक्तिलाई शैक्षिक प्रमाणपत्र दिने व्यवस्था

## राजस्व

- निजी क्षेत्रको सहभागितामा राजस्व नीतिको तर्जुमा, कार्यान्वयन तथा गुनासो सुन्ने अधिकार सहितको राजस्व बोर्डको गठन
- सबै कर तिर्ने दायित्व भएका व्यक्तिले अनिवार्य स्थायी लेखा नम्बर लिनु पर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन हुनु पर्ने
- सबै करदातालाई सुविधा प्रदान गर्दा एवं सम्पत्तिको घोषणा, अभिलेख गर्दा उक्त नंम्बरको आधारमा गर्नुपर्ने व्यवस्था

# आयकर

- कर छुट सीमा व्यक्तिलाई रु ३ लाख र परिवारलाई रु ३ लाख ५० हजार
- सामान्य बिमा रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नु नपर्ने व्यवस्था
- विवरण बुझाएको ३ वर्ष भित्र परिक्षण नभएमा स्वत मान्य हुने व्यवस्था
- जीबन बीमा प्रिमियम छुट सीमा रु ५० हजार सम्म बनाउने

आयकर .....

- सामाजिक तथा परोपकारका क्षेत्रमा क्षेत्रहरु तोकी उद्यमी व्यवसायीहरुबाट सो क्षेत्रमा खर्च गरेमा आयकर प्रयोजनका लागि खर्च लेख्न पाउने व्यवस्था
- कर अधिकृतको निर्णयमा चित्त नबुझि पुनरावेदनमा जांदा बैंक ग्यारेन्टी राख्न सक्ने व्यवस्था
- द्वन्द तथा त्यसपछिको असहज परिस्थितीले धेरै करदाताले उक्त अवधिको बांकी बक्यौता कर बुझाउन चाहेकाले एक पटक बक्यौता कर फछ्यौट आयोग गठन
- थप लगानी आकर्षण गर्न राष्ट्रिय प्राथमिकताको क्षेत्र तथा उत्पादनशिल उद्योगका लागि प्रकृति हेरी ५-१० वर्षसम्म आयकर छुट दिने व्यवस्था

# मूल्य अभिवृद्धि कर

- मैदा, खाने तेल, वनस्पति घ्यू, मोबाईल, कम्प्युटर, कपडा, लगायतका वस्तुहरुमा मूल्य अभिवृद्धि फिर्ता दिने व्यवस्था प्रकृयागत रुपमा निकै झन्झटिलो भएकोले कर छुट हुनु पर्ने
- निर्यात गर्ने उद्योगहरुले पैठारी गर्ने कच्चा पदार्थमा भंसार महशुल जस्तै मूल्य अभिवृद्धि करमा पनि बैंक ग्यारेन्टीको व्यवस्था
- जलविद्युत आयोजनाको निर्माण सामाग्रीमा लाग्ने मूल्य अभिवृद्धि करमा छुट

## मूल्य अभिवृद्धि कर .....

- ५० प्रतिशत भन्दा बढि निर्यात गर्ने उद्योगका लागि भंसार र मूल्य अभिवृद्धि करमा रिभल्बिङ्ग बैंक ग्यारेन्टीको व्यबस्था
- मू.अ. करको रकम तीन वर्ष पछि पनि मिलान गर्न पाउने व्यवस्था
- प्रचलित बजारभाउ अनुसार बिक्री भएको मूल्यलाई मान्यता
- उत्पादनमा भएको वास्तविक जर्तिलाई मान्यता

## भंसार

- न्यून बिजकीकरण भएका मालवस्तुको खरिद गर्न भंसार कार्यालयमा कोषको व्यवस्था  एवं सहज लिलामी प्रक्रिया
- औद्योगिक मेशिनरीहरुमा १ प्रतिशत मात्र भंसार लाग्ने व्यवस्था
- औद्योगिक कच्चा पदार्थ र तयारी वस्तुको भंसार दरको फरक न्यूनतम १० प्रतिशत हुने व्यवस्था
- जांचपास प्रकृयालाई सरल बनाई Post Clearance Audit (PCA) को प्रभावकारी कार्यान्वयन
- निर्यात गृह स्थापना गर्ने व्यवस्थाको कार्यान्वयन

## भंसार .....

- मालसामान टुटफुट भई कम हुन गएमा भंसार कार्यालयले Short Certificate दिने व्यवस्था र नोक्सानीमा भन्सार नलाग्ने
- ७० प्रतिशत भन्दा बढि आयात प्रतिस्थापन गर्ने उद्योग, माध्यमिक वस्तु उत्पादन गर्ने उद्योग र कृषिजन्य उद्योगको कच्चा पदार्थमा अधिकतम ५ प्रतिशत भंसार दरको व्यवस्था
- भंसारबाट आंशिक रुपमा पनि सामान छुटाउन पाउने व्यवस्था

## अन्तशुल्क

- मूल्य अभिवृद्धि कर लागु गर्दाको मनशाय अनुसार सूर्तिजन्य र मदिराजन्य वस्तु बाहेक अन्य कुनैपनि बस्तुमा अन्तशुल्क नलाग्ने व्यवस्था
- उद्योगले उत्पादन गरेको सामान वा वस्तु कारखानाबाट विक्री प्रयोजनको निमित्त अन्तशुल्क निरिक्षकले प्रमाणित गरेको परिमाण वा मुल्यमा मात्रै अन्तशुल्क लाग्नुपर्ने
- अन्तशुल्क निर्धारणमा करदातालाई चित्त नबुझेमा वैंक प्रत्याभूर्ति राखी पुनरावलोकन वा पुनरावेदनमा जान पाउनु पर्ने

## औद्योगिक प्रवर्द्धन

- निर्यातमा अनुदान दिने व्यवस्थाको कार्यान्वयन तथा निरन्तरता
- निर्यात अनुदान व्यापारिक फर्मलाई समेत दिने व्यवस्था साथै Export House को व्यवस्था
- बैकिंक माध्यमबाट रकम आउने गरी भारत निकासी भएमा पनि अनुदान दिने व्यवस्था
- निर्यातका लागि सहुलियत व्याजदरमा कर्जाको व्यवस्था
- सरकारी संस्थानहरुको निजीकरण (पेट्रोलियम पदार्थको आपूर्तिमा निजी क्षेत्रको संलग्नता रहने व्यवस्थाको कार्यान्वयन)

## औद्योगिक प्रवर्द्धन ...............

- कृषिजन्य उत्पादन जडिबुटिमा प्रचुर मूल्य अभिवृद्धि गर्ने संभावना भएकोले अर्ध प्रशोधित र प्रशोधित जडिबुटिको उत्पादन एवं निकासीलाई प्रवर्द्धन गर्ने । नेपालगंज/सुर्खेत/जुम्लालाई जडिबुटि संकलन तथा प्रशोधन केन्द्रको रुपमा बिकास गर्नुपर्ने
- कच्चा ऊन, पश्मिना र मासुको आयात प्रतिस्थापनको लागि पहाडी र हिमाली क्षेत्रमा भेडा, च्याङग्रा पालनमा विशेष सहुलियतको व्यवस्था
- जिल्ला विकास समितिको कर ठेक्का प्रथामा उठाउने प्रचलनको अन्त्य

## औद्योगिक प्रवर्द्धन ...............

- महिला उद्यमशिलतालाई प्रोत्साहन गर्न औद्योगिक नीतिमा भएका सुविधाहरुको कार्यान्वयन
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको लागि १० वर्षसम्म कर छुटको व्यवस्था
- भारतबाट वैंकिङ माध्यमबाट परिवर्त्य विदेशी मुद्रामा कच्चा पदार्थ आयात गर्न पाउनुपर्ने व्यवस्था
- दृष्यावलोकन, धार्मिक, स्वास्थ्य, शिक्षा, खेलकुद (Adventure Tourism) लाई आधार बनाई मुलुकमा भएका विभिन्न स्थानहरुको पर्यटकिय दृष्टिकोणले विकासका कार्यक्रम ल्याउनु पर्ने

## रुग्ण उद्योगको पुनस्थापना

- उच्चस्तरीय रुग्ण उद्योग पुनस्थापना समितिलाई यथाशीघ्र क्रियाशिल बनाउने
- उर्जा संकट बन्द, हड्ताल, लगानी गर्ने वैंक, नियमनकारी निकायको नीति निर्देशनको कारण समस्यामा परेका उद्योगलाई रुग्ण उद्योगको रुपमा मान्यता
- पुनस्थापना हुन नसक्ने उद्योगलाई बहिर्गमनको सरल प्रकृया
- रुग्ण उद्योगको व्याज, पेनल व्याज र अन्य व्याजहरुलाई मिनाहा गर्ने व्यवस्था
- नेपाल राष्ट्र वैंकबाट रुग्ण उद्योगलाई दिने सहुलियत कर्जाको प्रक्रिया सरलीकरण र पुनरकर्जाको अवधिमा बृद्धि

## सम्पत्ति शुद्धिकरण :

विगत केहि वर्षमा घरजग्गाको कारोवारमा आयकर नलाग्ने, कृषि आयमा हालसम्म पनि कर नलाग्ने, आयकर ऐन २०१९ तथा २०३१ मा आम्दानीका श्रोतहरुमा विभिन्न किसिमका छुट, Lum sum Tax, Turnover tax, आयात तथा निर्यातमा निश्चित प्रतिशत कर लाग्ने व्यवस्था तथा औद्योगिक व्यवसाय ऐन अनुसार फरक फरक प्रकृतिका उद्योगहरुले ५ देखि १० वर्षसम्मको आयकर छुट पाउने व्यवस्थाको व्यवासायीहरुले आम्दानी श्रोत देखाउन पाउने अवस्था छैन । सामान्य ढंगले कर लागि रहेको आम्दानीमा समेत ५ वर्ष भन्दा बढि समय खातापाता राख्नु नपर्ने व्यवस्थाको कारण आयको श्रोतको प्रमाण देखाउन आजको समयमा संभव पनि छैन । पैत्रिक सम्पत्तिको हस्तान्तरणको सम्बन्धमा कुनै स्पष्ट व्यवस्था छैन । सो अवस्थालाई विचार गरी सम्पत्ति शुद्धिकरण ऐनलाई प्रभावकारी रुपमा लागु गर्न शुन्य दरमा एक पटक सबै व्यक्तिले सम्पत्तिको घोषणा गर्नु पर्ने व्यवस्था ।

## विविध

- ट्रेड स्कुलको विविधिकरण र विस्तार
- यूवा स्वरोजगार कार्यक्रममा विविधिकरण
- वैदेशिक रोजगारीमा जाने व्यक्तिको दक्षता अभिवृद्धिको लागि छुट्टै तालिम दिने निकायको गठन
- एक जिल्ला एक पहिचान उत्पादनको लागि विशेष जोड
- सुदुर पश्चिमको विकासका लागि विशेष प्याकेजको कार्यक्रम
- उपरोक्त क्षेत्रका लागि छुट्टै बजेटको व्यवस्था
- संविधानमा नै बजेट पेश गर्ने निश्चित दिन तोक्नु पर्ने ।

## बजेटले समेट्नु पर्ने नयां कार्यक्रमहरु :

- लगानी गर्ने वातावरण (वातावरण नभए पूँजिको पलायन)
- Township (Urban Development) विकास (जग्गा सरकारी)
- विमानस्थलहरुको निजीकरण (भैरहवा, पोखरा वा अन्तर्राष्ट्रिय विमानस्थल)
- फोहोर मैला व्यवस्थापनमा निजी क्षेत्रको संलग्नतालाई प्रोत्साहन गर्न अनुदान तथा सहुलियत
- शिक्षा क्षेत्रको पर्यटनलाई अभिवृद्धि (जग्गा तथा स्थान सरकारबाट उपलब्ध गराउने)
- BOOT अवधारणा अनुसार निजी क्षेत्रलाई पूर्वाधार निर्माणमा संलग्नता